गोडैता नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोडैता, सर्लाही
मधेश प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०६/१९ गते ।

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लगत सभ्केदारिमा तपसिलमा उल्लेखित गहुँको बिऊ बोलपत्रका माध्यमबाट खरीद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक कृषि सहकारी संस्था तथा बिऊ बिजन बिक्री वितरण इजाजत लिएको फर्म वा संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिन्छ ।

शर्तहरु :

१. यो सूचना प्रकाशित भएको मिति २०८०/०६/१९ गते बाट ३० औं दिन सम्म कार्यालय समय भित्र चालु आर्थिक वर्षको लागि नवीकरण भएको फर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, आ.व २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यस कार्यालयबाट कार्यालय समयभित्र रु. ३०००।- (पछि फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै भर्नुपर्ने विवरणहरु प्रष्टसँग लेखी सूचना प्रकाशित भएको मितिले ३० औं दिन, दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिउसो २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

५. बोलपत्रदाताले आफुले कबोल गर्ने अंक दर मूल्य अभिवृद्धि कर बाहेकको हुनु पर्नेछ ।

६. दरभाउ गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र कुनै केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहिछाप हुनु पर्नेछ ।

७. म्याद नाघि आएको, रित नपुगेको र स-शर्त पेश भएको बोलपत्र मान्य हुने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. सूचनामा उल्लेख भएका कुराहरु संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१०. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा ९८४४०३३२६० नम्बरमा सम्पर्क गर्न सकिनेछ ।

११. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१२. शिलवन्दी बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधि कार्यालयमा उपस्थित भई वा हुलाक एवं कुरियर मार्फत् तोकिएको समयमा आइपुग्ने गरी पठाउन सकिनेछ ।

१३. शिलबन्दी बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनु पर्नेछ ।

१४. शिलबन्दी बोलपत्रको मूल्याङ्कन विधि न्यूनतम लागत विधि हुनेछ ।

१५. कामको विवरण तपसिल अनुसार रहेको छ :

१६. बिउको जात क्रमस आदित्य, बिजय, N.L.९७१ .

१७. स्वीकृत भएको बोलपत्रदाताले सम्झौता मितिले ७ दिन भित्र गहुँको बिऊ आपूर्ति गरिसक्नु पर्नेछ ।

तपसिल

क.स.	ठेक्का नम्बर	सामानको विवरण	बोलपत्र दस्तुर रु.	जम्मा रकम	धरौटी रकम
१	०२-२०८०/०८१	गँहुको बिऊ	३०००।-	९०,००,०००।-	२,२५,०००।-